# नेपालमा कानूनको तहगत संरचना र कानून निर्माणमा व्यवस्थापिका संसदको भूमिका



वीरेन्द्रबहादुर के.सी. [*]

**पृष्ठभूमिः**

लोकतन्त्रका आधारभूत मान्यताहरूलाई संविधानमा समावेश गर्ने र त्यसैका आधारमा राज्य सञ्चालन गर्ने प्रणाली संवैधानिक लोकतन्त्रको अवधारणा हो । आधुनिक लोकतन्त्र संवैधानिक लोकतन्त्र हो । संवैधानिक लोकतन्त्रलाई गतिशील र जीवन्त बनाउन सोही अनुरूपको आचरण, व्यवहार, क्रियाकलाप, संवैधानिक संस्कृति, राजनीतिक संस्कार, संविधान र कानूनको परिपालना गरे मात्रै सम्भव हुन्छ । संविधान कार्यान्वयन र अक्षरश पालना गर्ने दस्तावेज हो । संविधानमा भएका व्यवस्थाहरू कार्यान्वयन गर्न द्विविधा भएमा व्याख्या गर्ने अधिकार संविधानले सर्वोच्च अदालतलाई मात्र दिएको छ। ब्यक्तिगत र मनोगत व्याख्याले कानूनी वैधता प्राप्त गर्न सक्दैन । बाबु आमाभन्दा सन्तान कहिल्यै जेठो हुन सक्दैन भनेझैं संविधानलाई नजरअन्दाज गरेर व्यवस्थापिका संसदले ऐन, नियम निर्माण गर्न सक्दैन।संविधान कानूनको पनि कानून हो । नेपालको संविधानले अबलम्बन गरेको संघीयता अमेरिकी मोडेलको कमिङ्ग टुगेदर नत अफ्रिकी महाद्धिपका केही देशहरूले अबलम्वन गरेको होल्डिङ्ग टुगेदर मोडेलको नै हो । हाम्रो देशको संघीयता सहकारिता, सहअस्तीत्व र समन्वयमा आधारित संघीयता हो । संविधानमा उल्लेखित कुनै पनि प्रावधानको अर्थ संविधानको समुच्च व्यवस्थाबाट मात्र खोजिनु पर्दछ । संविधानभित्रैबाट कानूनी समस्या समाधान गर्ने पद्दतिको विकासबाट नै संविधानले गतिशीलता प्राप्त गर्न सक्दछ । राजनीतिक शक्तिहरूले समस्या समाधानको मूख्य केन्द्रविन्दु संसदलाई बनाउन सोही अनुरूपको संसदीय अभ्यास गर्नु आवश्यक हुन्छ । अनियन्त्रित स्वशाषनको आशक्ति र राजकिय शक्तिको प्रयोगको हतारले गणतन्त्र र संघीयता जोखिममा पर्न सक्छ । त्यसैले गणतन्त्र र संघीयताको संस्थागत विकासको लागि विशेषत अधिकारप्राप्त अधिकारीहरू कानूनको तहगत संरचना, कानून निर्माण प्रक्रिया र कानून कार्यान्वयनको सन्दर्भमा सदैव जिम्मेवार हुनु जरुरी छ ।

---

[*] उपसचिव (कानून), प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश

**१. कानूनको तहगत संरचना :**

कानूनको तर्जुमा कानूनको सोपानीय संरचनाबमोजिम गर्ने गरिन्छ । कानूनको तहगत संरचनालाई देहायबमोजिका विषयवस्तु वा प्रावधानको आधारमा विभाजन गर्न सकिन्छः[1]

- संविधानको अन्तरवस्तु र संविधानबाट मात्रै व्यवस्था गर्न सकिने विषय,
- ऐन तथा ऐनमा रहने विषय,
- नियम तथा नियममा रहने विषय,
- ऐनबाटै व्यवस्था गर्नुपर्ने, नियमबाट व्यवस्था गर्न नसकिनेविषय, नियम बनाउने अधिकार प्रत्यायोजन गर्ने (नेपाली अभ्यास) र विषय
- कार्यविधि र निर्देशिकामा उल्लेख गरिने विषयहरू ।

**२. संविधानको अन्तरवस्तु र नेपालमा कानून निर्माण प्रक्रियामा गरिएका अभ्यासः**

नेपालमा कानून निर्माणको चरण, तहगत संरचना वा तहगत विषयवस्तु र कानून निर्माण प्रक्रिया राज्यका संवैधानिक तथा कानूनी निकायहरूको संलग्नता अनुरूप निर्धारण हुने गर्दछ । नेपालको संविधान, ऐन, नियम, आदेश, विनियम, कार्यविधि, निर्देशिका दिग्दर्शन, मापदण्ड, कोड आदिको माध्यमबाट विभिन्न निर्वाचित, प्रशासनिक र अन्य पदाधिकारीले राजकीय शक्तिको प्रयोग गरेर शासन सञ्चालनको अभ्यास गरिरहेका छन् ।

राज्यको संरचना, स्वरूप र सार्वभौमसत्ता, शासन प्रणाली, राज्यका अङ्गहरू र अन्य महत्वपूर्ण निकायहरू, नागरिक हक तथा अधिकार, न्याय प्रणाली जस्ता विषयहरू संविधानको अन्तरवस्तु हुन् । संविधान कानूनको पनि कानून हो । विधिशास्त्री केल्सनको भनाई अनुसार संविधान ग्रुण्ड नम्स हो त्यसैले कानूनका केही विषयवस्तुहरू संविधानबाट मात्रै व्यवस्था गर्न सकिन्छ जसको ओजस्वी सामान्य कानूनले दिन सक्दैन । विषयवस्तु र कानून निर्माणको तहगत आधारमा संविधान, ऐन, नियम, निर्देशिका, कार्यविधीमा रहने विषयवस्तुलाई देहायबमोजिम विभाजन गर्न सकिन्छ ।

- **संविधानबाट मात्रै व्यवस्था गर्न सकिने विषयवस्तु**

  संघीय संरचना वा सरकारका तह, अदालतको तह, राष्ट्रिय पहिचान वा प्रतीक भाषा, चिन्ह, राष्ट्रिय गान, धर्म आदि, मौलिक हक र सो उपरको सीमा, आर्थिक सामाजिक संरचना, राष्ट्रिय मान विभुषण दिने अधिकार,सजाय माफी,कुनै किसिमले कानून बनाउने अधिकार,राजकीय पद, संवैधानिक प्रकृतिका निकायहरूको सृजना, कुनै पदाधिकारीलाई उन्मुक्ति दिने, राष्ट्रपति, न्यायाधीश, संवैधानिक पदाधिकारीको पदमुक्ति, संकटकाल, संसद विघटन आदि संविधानबाट व्यवस्था भएका विषय, कानून बनाउने अधिकार, राजकीय पद, संवैधानिक प्रकृतिका निकायहरूको सृजना, कुनै पदाधिकारीलाई उन्मुक्ति दिने, राष्ट्रपति, न्यायाधीश, संवैधानिक पदाधिकारीको पदमुक्ति, संकटकाल, संसद विघटन आदि जस्ता विषय संविधानमानै राखिने प्रचलन विश्वव्यापी रूपमा रहेको छ ।

---

[1] कार्यपत्र "कानूनको तहगत संरचना" धनराज ज्ञवाली, सहसचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाडौ ।

- **नेपालको संविधानमा ऐनबाट व्यवस्था गरिएको संवैधानिक विषय**

  नेपालको संविधान, २०७२ मा संसदको आकार, निर्वाचन क्षेत्र, अदालतको संख्या, न्यायाधीशको योग्यता आदि संविधानले व्यवस्था नगरेका विषय सम्बन्धित विषयगत ऐनमा गरिएको छ यो पनि कानून निर्माणको नयाँ अभ्यास हो ।

- **संविधानमा विधायनी विषय**

  सर्वोच्च अदालतमा रहने न्यायाधीशको संख्या, निर्वाचनसम्बन्धी विस्तृत व्यवस्था र बिभिन्न संवैधानिक आयोगहरूसम्बन्धी विषयहरू विधायनी विषय भएपनि संविधानमै राखेर नौलो अभ्यासको रूपमा प्रयोग गरिदै आएको पाइन्छ ।

- **ऐनमा रहने विषय**

  कुनै विषयलाई कसूरको रूपमा घोषणा गर्न वा कसूर मानिएको कार्यलाई कसूरबाट हटाउन, कर लगाउने तथा उठाउने विषय, संविधानले सृजना गरेका अङ्ग र निकायको सञ्चालन, कुनै नयाँ निकायको स्थापना र सञ्चालन, सार्वजनिक सेवाको सञ्चालन, अपराध घोषणा गर्ने, कुनै किसिमले कर दस्तूर तोक्ने, दण्ड जरिवाना तोक्ने, कुनै सरकारी सेवा सृजना गर्ने, अदालतलाई अधिकार प्रदान गर्ने, इजाजत अनुमति दिने, संविधानमा कानूनबमोजिम भनिएको विषयमा पनि ऐन नै बनाउनु पर्ने लगायतका मौलिक हकमाथि कुनै तरिकाले सीमा तोक्ने, व्यक्तिको दैनिक व्यवहार वा आचरणलाई नियमित वा नियन्त्रण गर्ने र अन्य आवश्यक सारभूत विषय ऐनमा राख्नु विधिशास्त्रको मान्यता हो ।

- **नियममा रहने विषय**

  व्यवस्थापिकाले प्रत्यायोजन गरेको कानून बनाउने अधिकार, सरकारबाट गठित वा ऐनबमोजिम स्थापित स्वायत्त संस्था सञ्चालनसम्बन्धी विषय, कार्यविधिगत वा पक्रियागत विषय, छिटोछिटो परिवर्तन गरिरहनु पर्ने विषय, प्राविधिक विषय, दस्तुर तथा अधिकारी वा निकाय तोक्ने विषय, थप काम, कर्तव्य र अधिकार तोक्ने विषय र ढाँचा निर्धारण वा विस्तृतरूपमा व्यवस्था गर्नु पर्ने विषय (अनुसूची) जस्ता प्रावधानहरू नियममा राख्नु पर्दछ ।

- **नियम बनाउने अधिकार प्रत्यायोजन गर्दा प्रयोग गरिने नेपाली अभ्यास**

  नियम बनाउँदा ऐनबाट अधिकार प्रत्यायोजन गर्दा विविध स्वरूपमा अधिकार प्रत्यायोजन गर्ने गरिएको नेपाली अभ्यास रहेको छ । विगतमा विभिन्न ऐनबाट अधिकार प्रत्यायोजन गर्दा गरिएको अभ्यासलाई संक्षेपमा देहायबमोजिम प्रस्तुत गरिएको छ ।

  **क. विषवस्तु निर्धारण गरेर अधिकार प्रत्यायोजन गर्ने :**

  सार्वजनिक सडक ऐन, २०३१ मा ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ भनेर विभिन्न सातवटा विषयवस्तु तोकेर अधिकार प्रत्यायोजन गरेको छ ।

  **ख. विषय नतोकी ऐनको उद्देश्य प्रासिको लागि नियम बनाउने गरी अधिकार प्रत्यायोजन गर्ने :**

  भवन ऐन, २०५५ मा ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ भनि अधिकार प्रत्यायोजन गरेको छ ।

  **ग. स्वायत्त संस्थालाई नियम बनाउने गरी अधिकार प्रत्यायोजन गर्ने :**

खानेपानी महसुल निर्धारण आयोग ऐन, २०६३ मा ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ भनि अधिकार प्रत्यायोजन गरेको छ ।

**घ. स्वायत्त संस्थालाई नियम बनाउने गरी अधिकार प्रत्यायोजन गर्ने :**

नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ मा ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ साथै (२) यो ऐन र उपदफा (१) बमोजिम बनेको नियम विपरीत नहुने गरी परिषद्ले आवश्यक विनियमहरू बनाउन सक्नेछ भनि अधिकार प्रत्यायोजन गरेको छ ।

**ङ. स्वायत्त संस्थालाई नियम बनाउने गरी अधिकार प्रत्यायोजन गर्ने :**

नेपाल खानेपानी संस्थान ऐन, २०४६ मा ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ । (२) विनियम बनाउने अधिकारः संस्थानले यो ऐनको अधीनमा रही आफ्नो आन्तरिक काम कारबाही सुव्यवस्थित गर्नको लागि नेपाल सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ भनि अधिकार प्रत्यायोजन गरेको छ ।

- **कार्यविधि र निर्देशिकामा रहने विषय**

**क. कार्यबिधिः**

कानूनबमोजिम नेपाल सरकारवा प्रदेश सरकारको कुनै निकायले त्यस्तो कानूनले व्यवस्था गरेको कुनै विषय कार्यान्वयन गर्न कार्यविधिमा व्यवस्था गरिएको हुन्छ ।

**ख.निर्देशिकाः**

निर्देशिकाबाट जुन निकाय वा पदाधिकारीले सो विषय सञ्चालन प्रशासन गर्ने हो सो निकाय वा पदाधिकारी र त्यसको प्रत्यक्ष सरोकारवाला बाहेक सर्वसाधारणलाई लागू हुने बाध्यकारी व्यवस्थाहरू निर्देशिकामा समावेश गर्न मिल्दैन ।

**३. नेपालमा कार्यबिधि वा निर्देशिका बनाउने कुरामा देखिएका विशंगतिहरू**

ऐनले अधिकार नदिएको विषयमा बनाउने,सारभूत विषयमा नै कार्यविधि, निर्देशिका, सरकारका विभिन्न निकायको बनाउने, अत्यधिक रूपमा यो अधिकारको प्रयोग गर्ने गरेको,सुशासन सञ्चालन ऐनको दुरूपयोग र जिम्मेवारी पञ्छाउने प्रवृत्ति रहेको पाइन्छ ।

**४. व्यवस्थापिका संसद र यसको प्रभावकारिताः**

लोकतान्त्रिक मुलुकहरूमा शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम राज्यशक्ति मूलतः व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले प्रयोग गर्दछन् । राज्यको विधायीकी शक्ति व्यवस्थापिकाले प्रयोग गर्दछ । कानून बनाउने, सरकारलाई जवाफदेही र जिम्मेवार बनाउने, सरकारले पेश गरेको बजेटमा छलफल गरी बजेट तथा नीति कार्यक्रम पारित गर्ने, अन्तराष्ट्रिय सन्धि सम्झौता अनुमोदन गर्ने, संवैधानिक निकायका पदाधिकारीले खराव आचरण वा संवैधानिक जिम्मेवारी वहन गर्न

असक्षम भएको अवस्थामा महाअभियोगद्वारा पदमुक्त गर्ने लगायतका कामहरू लोकतान्त्रिक मुलुकका संघिय व्यवस्थापिकाले गर्नुपर्नेमुख्य कामहरूहुन् । यसैगरी कार्यपालिकाले विधायिका निर्मित कानून कार्यान्वयन गर्ने र न्यायपालिकाले संविधान र कानूनको व्याख्या गर्ने गर्दछ । संविधानले राज्यका मूख्य अङ्गहरूको जिम्मेवारी र भूमिका निर्धारण गरेको हुन्छ ।

नेपालको संविधान, २०७२ बमोजिम तीन तहका सरकार तीन तहकै व्यवस्थापिका अस्तीत्वमा रहेका संघ, प्रदेश र स्थानीय तहसमेत कानूनमा निर्माण गरि कार्यान्वयनमा आएको अवस्था छ । विश्वका सबै मुलुकमा व्यवस्थापिका सभाको संरचना र प्रभावकारिता एकै किसिमको छैन । खासगरी शासन प्रणालीको स्वरूप, व्यवस्थापिकाको इतिहास र त्यसले निर्वाह गरेको भूमिका, प्रतिनिधित्वको स्वरूप र ढाँचा, जनप्रतिनिधिको विज्ञताको स्तर र परिपक्वता, ईमान्दारिता, राजनीतिक शक्तिको क्रियाकलाप, समाजको अपेक्षा, विकास र चेतनाको स्तर, संवैधानिक प्रणाली, विधिको शासन, संवैधानिक संस्कृति जस्ता सवालले व्यवस्थापिकाको भूमिका र प्रभावकारितामा प्रभाव पारेको हुन्छ ।

**५. भूमिका निर्वाहको आधारमा व्यवस्थापिकाको वर्गिकरण :**

विश्वका विभिन्न मुलुकहरूको व्यवस्थापिकाले सम्पादनगर्ने काम र भूमिका निर्वाहको आधारमा व्यवस्थापिकाको वर्गीकरण देहाय अनुरूप गर्न सकिन्छ । [२]

**अधिकारविहिन व्यवस्थापिका** **(Rubber Stamp Legislatures)**

निर्णयहरूलाई जस्ताको त्यस्तै समर्थन र अनुमोदन गर्ने व्यवस्थापिकालाई रबरस्टयाम्प व्यवस्थापिका भन्ने गरिन्छ । यस्तो व्यवस्था निरंकुश र सर्वसत्तावादी राजनीतिक प्रणाली भएको मुलुकमा देखिन्छ। यस्ता मुलुकहरूमा व्यवस्थापिकाको अधिवेशन लामो समयसम्म बस्दैन र विधेयकमाथि प्रयाप्त छलफल हुदैन केवल प्रक्रिया मात्र पुरयाईन्छ । सर्वोच्च नेताहरूको कोठे बैठकबाट निर्णय गरिएको विषयलाई सभामा प्रवेश गराएर अनुमोदन गर्ने गरिन्छ । दलका सदस्यहरूबाट छलफलको कुनै विषयमाथि आपत्ति गरेमा वा अनुमोदन नहुने अवस्था ठानेमा दलले जुनसुकै विषयमा पनि ह्वीप लगाएर संसद सदस्यको विशेषधिकारलाई नियन्त्रित गर्ने गर्दछ । यस किसिमको व्यवस्थापिकाको सचिवालयमा आफ्नो छुट्टै विज्ञ र जनशक्तिको पनि आवश्यकता मानिन्न । राजनीतिक दलको छाँयाको रूपमा व्यवस्थापिकाले कार्य गर्दछ । पूर्व सोभियत संघको व्यवस्थापिका (डुमा) र मेक्सिकोको पहिलेको व्यवस्थापिका (कंग्रेस)लाई यस किसिमको व्यवस्थापिकाको उदाहरणको रूपमा लिन सकिन्छ । रबरस्टाम्प प्रकृतिको व्यवस्थापिकाले व्यवस्थापिकाका सदस्यहरूको विवेकबाट निर्णय नगर्ने भएकाले रबरस्टाम्प व्यवस्थापिका भनिएको हो ।

---

[२] कार्यपत्र "संवैधानिक लोकतान्त्रिक प्रणालीमा संसद र संसदीय समितिको भूमिका" काशिराज दाहाल, पूर्व अध्यक्ष, प्रशासकीय अदालत, काठमाडौ ।

- **सशक्त व्यवस्थापिका (Arena Legislatures)**

यस किसिमको व्यवस्थापिका स्वतन्त्र र शक्तिशाली हुन्छ । व्यवस्थापिकाका सदस्यहरूले विषयवस्तुमा व्यापक छलफल गरी निष्कर्ष प्रस्तुत गर्दछन् । व्यवस्थापिकाभित्र विभिन्न प्रस्ताव र विधेयकहरूमा छलफल भई निर्णय गरिन्छ । यसका निम्ति विशेष जनशक्ति, बजेट र विज्ञता आवश्यक पर्ने भएकाले सोही अनुरूप प्रबन्ध गरिएको हुन्छ । व्यवस्थापिका भित्र विभिन्न समितिहरू गठन हुन्छन् । व्यवस्थापिकाको काम कारवाहीलाई समितिहरूले सहजीकरण गरिदिन्छन् । बेलायत, भारत लगायतका कतिपय मुलुकको व्यवस्थापिकालाई यस वर्गीकरण भित्र राख्ने गरिन्छ । यस किसिमको व्यवस्थापिकालाई मुलुकको समस्या छलफल गर्ने मुख्य केन्द्र मानिन्छ । संसदका विभिन्न समितिहरूले दिएका निर्देशन सरकार लगायत सम्बन्धित निकायले पालना गर्ने अभ्यासको संस्थागतिकरण भएको हुन्छ साथै समितिसमक्ष पेश हुन आएका विधेकमाथि व्यापक छलफल हुन्छ । पेश हुन आएका विधेयकहरू समाजको माग, आवश्यक्ता कार्यान्वयनयोग्य भए नभएको र संविधानअनुकल भए नभएको समेतको विषयमा छलफल गरि संसोधन पेश गरि सभामा पेश गर्ने अधिकार राख्दछन् ।

- **अधिकारयुक्त व्यवस्थापिका <u>(Transfromative Legislatures)</u>**

यस किसिमको व्यवस्थापिकामा मुलुकको विविधतालाई प्रतिविम्वि गर्न सोही अनुरूप प्रतिनिधित्व गरिने र यसले विभिन्न किसिमका स्वार्थहरूलाई समायोजन गरी निर्णयहरू निकाल्दछ । सरकारले नीति र बजेटमा छलफल गरी परिमार्जन गर्नेसम्मको अधिकार राख्दछ । आफ्नै सक्रियतामा समेत विभिन्न प्रस्ताव र निजि विधेयकहरू पेश गर्दछ । यस किसिमको व्यवस्थापिकाको स्वरूपमा समिति प्रणाली बढी प्रभावकारी हुन्छन् । विज्ञ जनशक्ति सचिवालयमा रहन्छन् । अमेरिकाको व्यवस्थापिका (कंग्रेस) यस किसिमको व्यवस्थापिकाको स्वरूप भित्र पर्ने मानिन्छ ।

- **उदियमान व्यवस्थापिका (Emerging Legislatures)**

नवोदित लोकतान्त्रिक मुलुकहरूले व्यवस्थापिकाको भूमिकालाई प्रभावकारी बनाउन सोही अनुरूपको कानूनी व्यवस्था, समिति प्रणाली, सक्षम जनशक्ति, विज्ञहरूको सेवा, सूचना बैंक, आन्तरिक नियम कानूनको प्रभावकारी व्यवस्था, प्रभावकारी अनुगमन प्रणाली, आवश्यक भौतिक पूर्वाधार जस्ता विभिन्न कुराहरूकोसुनिश्चितता गरी व्यवस्थापिकालाई सञ्चालन गर्ने गरेको देखिन्छ । केन्या, युगाण्डा, रुवाण्डाका व्यवस्थापिकालाई यस किसिमको व्यवस्थापिका भित्र राखिएको छ ।

## ६. व्यवस्थापिकाको काम कारवाहीको प्रभावकारितामा मूलतः प्रभाव पार्ने तत्वहरू

राजनीतिक प्रणाली, निर्वाचन प्रणाली र प्रतिनिधित्वको व्यवस्था, संविधान प्रदत्त विधायिकी शक्तिको स्थिति, राजनीतिक इच्छाशक्ति र राजनीतिक वातावरण, प्राविधिक क्षमता जस्ता विभिन्न कुरामा व्यवस्थापिकाको कामकारवाहीलाई प्रभावपार्दछ । अध्यक्षात्मक स्वरूपको शासकीय प्रणाली भएको मुलुकमा कार्यकारिणी शक्ति र विधायिकी शक्ति प्रयोग गर्ने अंगहरूको बीच बढी शक्ति पृथकीकरणको अभ्यास हुन्छ । तसर्थ कानून बनाउन वा संविधान र कानूनले तोकेको जिम्मेवारी सम्पादन गर्न व्यवस्थापिकालाई बढी स्वतन्त्रता रहन्छ । संसदीय स्वरूपको शासन प्रणालीमा प्रधानमन्त्रीय

सरकारको अवधारणाले व्यवस्थापिकाको प्रभावकारिता सरकारको भूमिकामा बढी भर पर्दछ । अध्यक्षात्मक शासन प्रणालीमा व्यवस्थापिका र राष्ट्रपतिको छुट्टै प्रक्रियाबाट निर्वाचन भई अलग अलग हैसियतमा काम गर्दछन् भने संसदीय प्रणालीमा व्यवस्थापिका संसदले सरकार गठन गर्ने, सरकारले संसद भङ्ग गर्ने जस्ता विशेषताले संसदको भूमिका बढी स्वतन्त्र नभई दलीय अनुशासनभित्र बाँधिन पुग्छ । राजनीतिक दलहरूको नेतृत्वको प्रभाव व्यवस्थापिकामा समेत प्रतिविम्वित हुन पुग्दछ। अध्यक्षात्मक र संसदीय दुबै स्वरूपको अनुभवका आधारमा आधुनिक लोकतन्त्रात्मक व्यवस्था आत्मसात गरेका दक्षिण अफ्रिका, केन्या, जाम्विया, युगाण्डा जस्ता मुलुकहरूले मिस्रित स्वरूपको प्रणाली अपनाउन पुगेका छन् ।

व्यवस्थापिकाको प्रभावकारिता निर्वाचन प्रणालीमा धेरै हदसम्म भर पर्ने मानिन्छ । पहिलो निर्वाचित हुने प्रणालीबाट चुनिएको सांसदहरूको भूमिका आफ्नो निर्वाचन क्षेत्रप्रति विशेष ध्यान पुर्‍याउनु पर्ने हुन्छ । समानुपातिक निर्वाचन प्रणाली समावेशीकरण हुने, मत खेर नजाने, राष्ट्रिय स्वार्थ अनुरूपको काममा बढी केन्द्रित हुन्छ भनेर अवलम्वन गर्ने गरिन्छ । हाम्रो मुलुकमा समानुपातिक निर्वाचन प्रणालीबाट सदस्य छनौट गर्ने कार्यलाई वस्तुपरक र उद्देश्यपरक बनाउन नसकिएकाले समानुपातिक निर्वाचन प्रणालीको आकर्षण कम हुन पुगेको अवस्था छ । कतिपय मुलुकका व्यवस्थापिका आफैले विधेयकहरू तर्जुमा गरी पारित गर्ने सक्रिय भूमिका निर्वाह गरेको समेत देखिन्छ । त्यसै गरीकतिपय मुलुकमा निजि विधेयकको व्यवस्था भए पनि त्यसको अभ्यास साह्रै कम मात्रामा हुनेगरेको पाइन्छ, केवल सरकारले दिएको काममा नै सीमित रहने कारण व्यवस्थापिकाले सशक्त भूमिका निर्वाह गर्न सकेको देखिदैन । नेपालमा पनि हालसम्मसुरक्षित गर्भपतन सम्बन्धी ऐन, राष्ट्रिय मानवअधिकार आयोग ऐन र कानूनी सहायता सम्बन्धी ऐन मात्र निजी विधेयकको रूपमा पेश भई कानून कार्यान्वयनमा रहेको अवस्था छ ।

व्यवस्थापिकाको कार्यक्षेत्र र अधिकार प्रयोगको प्रभावकारिता, राजनीतिक इच्छाशक्ति र राजनीतिक वातावरणमा धेरै हदसम्म निर्भर हुने गर्दछ । व्यवस्थापिकाका सदस्यहरूले निर्वाह गरेको भूमिकाबाट प्रभावकारिताको मापन हुने गर्दछ । निरंकुश शासन व्यवस्थामा व्यवस्थापिकाको भूमिका सीमित गरिन्छ, वहुलवादी र प्रतिष्पर्धी प्रणाली अवलम्बन गरिएको शासकीय प्रणालीमा संसदको भूमिकालाई बढी भन्दा बढी सम्मान गरिएको हुन्छ ।

व्यवस्थापन र प्राविधिक क्षमता पनि त्यतिकै महत्वपूर्ण हुन्छ । विषय विज्ञता, मस्यौदा गर्न शिप कौशलता, भौतिक पूर्वाधार, जनशक्तिको स्थिति, सूचना वैंक, समन्वयको अवस्था लगायतका विभिन्न पक्षहरूले व्यवस्थापिकाको प्रभावकारितामाप्रभाव पारेको हुन्छ । राजनीतिक नेतृत्वको सोच र व्यवहारमा पनि निर्भर गर्दछ । मूलत व्यवस्थापिकाको आधारभूत काम भनेको जनचाहनाको प्रतिनिधित्व गरी जनमत अभिव्यक्त गर्ने, जनमतको संवोधन गर्ने, कानून बनाउने र सरकारको काम कारवाहीको निगरानी गर्ने नै हो । यस्ता विषयमा व्यवस्थापिका बढी केन्द्रित हुन सकेमा व्यवस्थापिकाप्रतिको जनविश्वास अभिवृद्धि हुन्छ ।

## ७.नेपालको संविधान, संघीय संसद र प्रदेश सभा

नेपालले गणतन्त्रात्मक संसदीय शासन प्रणालीलाई आत्मसात गरको छ । त्यस्तै नेपालको संविधानले जनताको प्रतिष्पर्धात्मक वहुदलीय गणतन्त्रात्मक संसदीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार,आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका, कानूनी राज्य लगायत लोकतान्त्रिक मूल्य र मान्यता जस्ता विशेषता रहेका छन् ।संविधानलाई कार्यान्वयन गरी जीवन्त बनाई राख्न राजनीतिक शक्तिहरूले संसदलाई प्रभावकारी बनाउन सोहीअनुरूपको भूमिका निर्वाह गर्नुपर्दछ । आवश्यक कानून तर्जुमा गर्ने र संविधानको प्रर्वद्धनात्मक संरक्षण गर्नमा संसद बढी सक्रीय हुनुपर्दछ ।संसदको मुख्य काम कानून बनाउनु नै हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम[३] प्रदेश समन्वय पषिदमा छलफल गरि संविधानको धारा २३४ बमोजिम गठन भएको अन्तर प्रदेश परिषदमा संविधानको साझा अधिकार सूचीका कानून निर्माण र अन्य विवादित विषयमा प्रदेश सरकारले समन्वयको काम गर्नु पर्दछ । संविधानको अनुसूची ५,६ र ८ बमोजिमका एकल अधिकारका विषयहरू पनि निरपेक्ष रूपमा स्वतन्त्र रहन सक्दैनन् । संविधानको धारा ५७ वमोजिम सापेक्ष रहेर कानून निर्माण गर्नु प्रदेश सभाको अधिकार र दायित्व हो ।संघिय संसद र प्रदेश सभाले संविधान बमोजिम देहायका कामहरू प्रभावकारी रूपमा गर्नुपर्ने हुन्छ ।[४]

- संविधानको विभिन्न अनुसूचीहरूमा तोकिएको सङ्घ, प्रदेश र स्थानीय तह बीचको साझा अधिकारको विषय तहगत रूपमा एक आपसमा नबाझिने गरी कानून निर्माण गर्ने,
- संविधान बमोजिम प्रदेशलाई आवश्यक परेका कानूनको निर्माण गर्ने, संविधानको उद्देश्य र राज्यको नीति र निर्देशक सिद्धान्तमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न अन्य आवश्यक ऐन कानून तर्जुमा गर्ने,
- संवैधानिक उद्देश्य र सङ्कल्पलाई पूरा गर्न गराउनप्रदेश सभाले प्रदेश सरकारका अन्य अङ्ग एवम् निकायहरूलाई प्रभावकारी बनाउन सोही अनुरूप निगरानीको कार्यमा सक्रीय भूमिका निर्वाह गर्ने,
- संसद र संसदीय समितिहरू प्रदेश र मुलुकको सुशासनका निम्ति प्रभावकारी रूपमा प्रस्तुत हुने ।
- संसद र संसदीय समितिले मूलतः जनताको अपेक्षालाई वैद्यता प्रदान गनर्े सुशासनमैत्री कानून निर्माण गर्ने, लोकतन्त्रका लाभहरू जनतामा पुर्याउन सोही अनुरूपको कार्य गर्ने, प्रदेश सरकारलाई जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक निगरानीको कार्य गर्ने जस्ता कार्यहरू गर्नमा बढी केन्द्रित हुने लगायतका भूमिकाहरू रहेका छन् ।

---

[३] स्थानीय सरकार सञ्चालन ऐन, २०७४

[४] नेपालको संविधान, २०७२

## ८. संसदीय समितिको काम, कर्तव्य र अधिकार

जनताको सार्वभौम अधिकार प्रयोग गर्नको लागि संसद लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण स्थल हो । मुलुकको मूल समस्याहरू समाधान गर्ने संवैधानिक थलो हो । यसको प्रभावकारिताबाट नै लोकतान्त्रिक पद्धतिले गतिशीलता प्राप्त गर्दछ । सरकारलाई संसदप्रति जिम्मेवार तथा जवाफदेही बनाउने कार्यमा संसदीय समितिहरूको महत्वपूर्ण भूमिका रहन्छ । सरकारको कार्यहरूको निगरानी, अनुगमन तथा मूल्याङ्कन गरी संसदप्रति उत्तरदायी र जवाफदेही बनाउने कार्यमा संसदीय समितिको भूमिका केन्द्रित हुने गर्दछ । संसदको समय बचत गर्न, कार्यप्रक्रियालाई सरलीकृत गर्न, विशेषज्ञताको उपयोग गर्न, विषयवस्तुको गहन अध्ययन गर्ने गरी निष्कर्ष प्रस्तुत गर्न समितिहरू मार्फत संसदले आफ्ना कार्यहरू सम्पादन गर्ने गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका विषयमाथि छलफल गरिने र सरकारलाई उत्तरदायी बनाउने हुँदा संसदीय समितिहरूलाई "लघु संसद" (Mini Parliament) को रूपमा लिईन्छ । संसदीय समितिहरूले आफ्नो कार्यक्षेत्र सम्बन्धी विषयको विधेयकमाथि छलफल गर्ने, विधायिकी नीति निर्माण गर्ने, सरकारमाथि निगरानी राख्ने, संसद सरकार र जनताको बीच सम्पर्क माध्यमको काम गर्ने, प्रत्यायोजित विधायनको अनुगमन गर्ने, नियन्त्रण गर्ने, राजस्व तथा व्यय र सार्वजनिक लेखाको जाँच गर्ने, सरकारी आश्वासन र नीति उपर अनुगमन मूल्याङ्कन गरी सरकारलाई आवश्यक मार्गनिर्देशन गर्ने लगायतका कार्यहरू गर्नुपर्दछ ।

संविधानको धारा १९३ र प्रदेश सभा नियमावली बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभामा आवश्यक्ताअनुसारका विषयगत समितिहरू रहने व्यवस्था गरिएको छ । सभाको सहमतिमा सभामुखले उपयुक्त सम्झेको समितिको कार्यक्षेत्रभित्र रहने गरीथप विषय तोक्न समेत सक्दछन् । प्रदेश सभाको हकमा सार्वजनिक लेखा समितिले प्रदेश लोक सेवा आयोग र प्रदेश मानव अधिकार आयोग वाहेक संविधान बमोजिमका प्रादेशिक आयोगका प्रतिवेदन, सार्वजनिक लेखा तथा प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रतिवेदन र बेरुजु फछ्र्यौटसम्बन्धी कार्यको विषयमा छलफल गर्ने अधिकार राख्दछ । विषयगत समितिले माथि उल्लेखित कामका साथै देहायबमोजिमका कामकारवाही गर्ने अधिकार राख्दछन् ।

- आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने सम्बन्धित विधेयकउपर दफावार छलफल गरी विधेयकको समीक्षा गर्ने र सहमति भए अनुसार विधेयकहरूमा संशोधनको सिफारिस गर्ने, सो सम्बन्धी प्रतिवेदन सदनमा पेश गर्ने,
- अर्थ तथा प्राकृतिक स्रोत समितिको समन्वयमा बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव वाहेक) प्रदेश सभा सदस्यहरूबिच छलफल गराई सरकारलाई आवश्यक सुझाव दिने, राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा निर्देशन दिने,
- सरकारी आश्वासन पूरा गर्न आवश्यक निर्देशन दिने,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्न आवश्यक निर्देशन दिने,

- प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान र कानूनसम्मत छ छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,
- इ्समितिका प्रतिवेदनहरू कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी निर्देशन दिने,
- विषयगत समितिले मन्त्रालय एवं अन्तर्गतका सरकारी निकायको काम कारवाहीको अनुगमन, विश्लेषण एवं मूल्याङ्कन गरि प्रतिवेदन पेश गर्ने र निर्देशन दिने,
- समितिसँग सम्बन्धित अन्य आवश्यक कार्यक्रम सञ्चालन गर्ने ,
- सभाको नियम वा सभाको निर्णयद्वारा समितिलाई दिइएको अन्य कुनै कार्य र जिम्मेवारी सम्पन्न गर्ने

अतः संवैधानिक लोकतन्त्र अपनाएका मुलुकहरूमा संसदको मुख्य काम विधेयक पारित गर्नु हो। यसका निमित सामान्यतया विधेयक मस्यौदा सरकारी चरणमा हुने, संसदमा दर्तादिखि प्रमाणितसम्मको संसदीय प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । व्यवस्थापिका वा प्रदेश सभाबाट प्रमाणीकरण भएका विधेयक राष्ट्र प्रमुख वा प्रदेश प्रमुखबाट प्रमाणीकरण हुनु अघि कानून निर्माणका विभिन्न चरण पार गर्दा वास्तविक रूपमा विधेयकलाई परिमार्जन गर्ने काम सम्बन्धित संसदीय समितिबाट नै हुन्छ । यसैले कानून निर्माणमा संसदीय समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

संसद र संसदीय समितिको कानून निर्माण गर्ने कार्यको अतिरिक्त सरकारको काम कारवाहीको निगरानी गर्ने अर्को महत्वपूर्ण काम 'Parliamentary oversight' हो । संसदको निगरानीको अधिकार मूलतः संसदीय समितिहरूबाट प्रयोग हुने गर्दछ । यसरी संसदीय समितिले सरकार र सरकारी निकायरुबाट भएका कामको अनुगमन, मुल्यांकन, अध्ययन, अनुसन्धान, पुनरावलोकन गरी आवश्यक सुझाव र निर्देशन दिने कार्य निगरानीको कार्य हो । संसदीय निगरानी भित्र नीतिगत विषयको निगरानी, विकास योजना कार्यक्रम परियोजनाको काम कारवाहीको निगरानी, वित्तीय र सार्वजनिक खर्च निगरानी, स्थलगत भ्रमणगत निगरानी जस्ता विभिन्न क्षेत्र र विषयहरू पर्दछन्। संसदीय निगरानीको उद्देश्य सरकारलाई जवाफदेही र जिम्मेवार बनाउनु, विधिको शासन र सुशासनप्रति प्रतिबद्ध गराउनु नै हो ।

## ९. संसदीय गतिविधिमा दलको ह्वीपः

विभिन्न देशको अभ्यासलाई अध्ययन गर्दा व्यवस्थापिका संसद वा प्रदेश सभा लोकतन्त्रको मुटु जनताको भरोसाको केन्द्र र मतदाताहरूको अभिमत जाहेर हुने एकमात्र जनप्रतिनिधिमुलक संवैधानिक संस्था हो । सभाको मूल्यमान्यता र सभाबाट पास गरिएको विधि बमोजिम जनताको आवाजलाई सम्बोधन गर्ने र स्वतन्त्रपूर्वक छलफल गर्न पाउने एकामात्र स्थानव्यवस्थापिका संसद हो । बहुमतको सरकार हुने भएकाले विशेषत सरकारको आवश्यकता बमोजिम गरिएको निर्णयहरूजस्ताको त्यस्तै व्यवस्थापिका संसद वा प्रदेश सभाले पास गरिदिनु पर्छ भन्ने मान्यता गणतन्त्र,प्रजातन्त्र र लोकतन्त्रको मूल्यमान्यता भित्र पर्दैन ।व्यवस्थापिका संसद वा प्रदेश सभा सदस्यले स्वतन्त्ररूपले जनमत दर्ज गर्न पाउनु वा छलफल गर्न पाउनु संसदीय प्रणालीको प्राण हो। विधेयक वा जनताको माग वा आवाजलाई छलफल गर्नबाट वा स्वतन्त्र अभिमत जाहेर गर्न यो वा त्यो

नाममा संसदमा रोकिन्छ भने त्यो संसदीय प्रणालीको स्वस्थ र स्वच्छ अभ्यास विपरित मानिन्छ । परिणामतः अस्वस्थ अभ्यासले भ्रष्टाचार, अपारदर्शिता र मानवअधिकार उल्लंघनलाई मौन रूपपमा अनुमोदन गर्न उत्प्रेरित गर्दछ । संक्षेपमा भन्नुपर्दा सरकारले ल्याएको नीति तथा कार्यक्रम तथा सरकारले लिने विश्वासको मत सम्बन्धमा बाहेक दलले अन्य संसदीय गतिविधीमा संसद सदस्यलाई स्वतन्त्ररूपमा सभामा मत जाहेर गर्न दिने अभ्यासलाई स्थायित्व र संस्थागत गर्न सक्नुपर्छ । अन्यथा हरेक विषयमा संसद सदस्यले दलको ह्वीप सामना गर्नु पर्ने हो भने संसदको गरिमा र जनताको अभिमतको अवमूल्यन गरेको ठहरिन्छ ।संसदीय गतिविधिमा दलको ह्वीप दलको शीर्षथ नेताको आवश्यकता,नियन्त्रण र वाध्यता मात्र नठानी बर्तमान संविधान, दलको घोषणापत्र, जनताको अभिमत, लोकतान्त्रिक मूल्य मान्यता, संसद सदस्यको विशेषाधिकार तथा नैतिकतालाई समेत केन्द्रविन्दु मानेर प्रयोग गर्ने अभ्यासको थालनी गर्नु पर्दछ भन्ने मान्यता लोकतन्त्र, गणतन्त्र र संसदीय परिपाटीको मूल मर्म हो ।

## १०.संसदीय गतिविधिमा अमर्यादित शव्दको प्रयोग :

व्यवस्थापिका संसद वा प्रदेश सभामा संसद सदस्यले प्रयोग गर्ने शव्दहरू कुन हदसम्म मर्यादित वा अमर्यादित हुने भन्ने विषयमा सिमा तोकिनु जरुरी छ । अन्यथा सभाध्यक्ष, बहुमत प्राप्त दल वा सभा नेतृत्व गर्ने ब्यक्ति वा पक्षले ब्यक्तिगत वा दलीय वा बहुमतको दम्भमा आग्रह, पूर्वाग्रह, आवेग, निजि विचार वा स्वविवेकीय तजविजीको आधारमा जनताको अभिमत ब्यक्त गर्ने संसद सदस्य माथि सभामा बन्देज लाग्न सक्ने अवस्था आउन सक्छ । अनौपचारिक कार्यक्रम, विरोधसभा वा दलीय कार्यक्रममा प्रयोग गरिने भाषा र अभिब्यक्ति भन्दा पक्कै पनि सदनमा प्रस्तुत गरिने भाषा फरक हुनैपर्छ । सदनमा प्रयोग गरिने भाषाको शव्द चयनमा मर्यादित र कसैप्रति लक्षित हुनु हुदैन तर जनताको अभिमत जाहेर गर्ने थलो संसदमा जनप्रतिनिधिको हैसियतले मर्यादित र शिष्ट भाषामा सकारात्मक र स्वस्थ आलोचना गर्न पाउनुपर्दछ। संक्षेपमा अमर्यादित शव्द भन्नाले कसैलाई इंगित हुने गरि, लक्षित हुने गरि,हाउभाउ ईशारा प्रयोग गरि सदनमा प्रस्तुत हुनु र सामान्य समज भएका ब्यक्तिलाई समेत असहज महशूस हुने शव्दहरूको प्रयोग गर्नु अमर्यादित मानिन्छ । तसर्थ संसदीय गतिविधिलाई थप मर्यादित बनाउन संसद वा प्रदेश सभाको कार्यव्यवस्था परामर्श समितिबाटमर्यादित, शिष्टभाषा र संसद सदस्यले पालना गर्ने आचरणको सम्बन्धमा आचारसंहिता पास गरि लागु गरेमा जनमतको प्रतिनिधित्व गर्ने सार्वभौम संसद सदस्यले सदनमा अभिमत जाहेर गर्दा प्रयोग गर्ने शब्दको सावधानीपूर्वक चयन गर्ने बानीको संस्थागत बिकास हुनेछ । जसले सदनको गरिमालाई सदैव उचो राख्दछ सदनको गरिमालाई उचो राख्न संस्थागतमा टेवा पुऱ्याउनु सम्पूर्ण पदाधिकारीहरूको कर्तव्य हो।

## ११. समस्या, चुनौती र सुझाव

ऐन संविधानभन्दा बाहिर, नियम ऐनभन्दा बाहिर ,अत्यधिक धेरै कार्यविधि, निर्देशिका ,कस्तो विषय कुन कानूनमा राख्ने भन्ने बारेमा निश्चित मापदण्डको अभाव,ऐनमा नै व्यवस्था नभएकोमा नियममा व्यवस्था गरेर कार्यविधि, निर्देशिका बनाउने,स्थायी प्रकृतिको कामका लागि विकास समिति गर्ने,सुशासन

ऐन, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐनको दुरूपयोग, अदालत, संवैधानिक अंगले नियम बनाउँदाको अनेकता, विनियमहरूको प्रमाणीकरण र अभिलेखमा थुप्रै समस्याहरू देखिएका छन्।

संवैधानिक लोकतन्त्रको परिपक्व अभ्यास र संवैधानिक संस्कृतिको विकास भई नसकेको समाजमा विधिको शासनको सिद्धान्त बमाोजिम कानून बनाई प्रभावकारी रूपमा लागू भएको अनुभूति दिने कार्य स्वयंमा चुनौतीपूर्ण नै हुन्छ । गरिबी, अशिक्षा, पछौटेपन, विकटता, अज्ञानता जस्ता समस्याले गाँजेको समाजमा संवैधानिक व्यवस्थालाई व्यवहारमा रूपान्तरण गर्ने कार्य कठिनपूर्ण हुन्छ । बेलायतमा 'लघु संसद' को रूपमा र अमेरिकामा 'कंग्रेसको शोधशाला' र 'कंग्रेसको आँखा, कानून र मस्तिष्क' को रूपमा संसदीय समितिहरूलाई लिने गरेको देखिन्छ । यसैगरी फ्रान्स, जर्मनी, स्वीडेनमा संसदीय समितिहरूले प्रभावकारी भूमिका निर्वाह गरेको कारण संसदीय समितिहरूको उच्च सम्मान र मर्यादा कायम रहेको देखिन्छ ।

संसदीय समितिहरूलाई कानून बनाउने र निगरानीको काममा प्रभावकारी बनाउन विधायिका र कार्यपालिका बीच सेतुको काम गर्ने भूमिकामा संसदीय समितिको विकास गर्न गराउन सोही अनुरूपको व्यवस्था हुनु पर्दछ । यसका निम्ती समितिहरूलाई स्रोत साधन सम्पन्न बनाउने, सूचना बैंकको रूपमा सचिवालयको विकास गर्ने, विज्ञ र दक्ष जनशक्तिको प्रवन्ध गर्ने र निजहरूको सुझावलाई आत्मसात गर्ने बानीको विकास गर्ने, विषयगत समितिहरूले एक अर्काबीच प्रभावकारी समन्वय गर्ने, समितिको सुझाव र निर्देशनलाई सरकारी निकायहरूले पालना गर्ने संस्कृतिको विकास गर्ने, समितिलाई काम गर्न आवश्यक पर्ने पूर्वाधारको सुनिश्चितता गर्ने, आधारभूत विधायिकी नीति अन्तर्गतका विषयहरू प्रत्यायोजन नगर्ने, प्रत्यायोजित विधायनसंग सम्बन्धित टिप्पणी उपर व्यापक छलफल गर्ने, प्रत्यायोजित विधायन अन्तर्गत काम भए नभएको नियमित रूपमा अनुगमन र नियन्त्रणको प्रभावकारी प्रणालीको विकास गरेमा संसद र संसदीय समितिको प्रभावकारिता बढ्नेछ ।

## १२. उपसंहार

दीगो शान्ति, विकास र सुशासनको माध्यमद्वारा सम्मुनती प्राप्त गर्नराज्यशक्ति प्रयोग गर्ने अंग र निकायहरूको भूमिका त्यतिकै प्रभावकारी हुनु पर्दछ । लोकतन्त्रका लाभहरू आम नागरिकमा पुर्याउने कार्यहरू संविधानद्वारा श्रृजित निकायहरूबाट हुनुपर्दछ । विश्वका कतिपय मुलुकहरूमा लोकतन्त्रका आधारभूत मूल्यमान्यताहरूलाई संविधानमा समाहित गरी लोकतान्त्रिक व्यवस्था अपनाएको देखिए पनि लोकतन्त्रका लाभहरून्यायोचित रूपमाआम नागरिकमा वितरण गर्न नसक्दात्यस्ता मुलुकहरूको लोकतन्त्र र संघीयता संकटमा परेका छन् । नेपाल समुन्नत राष्ट्रको रूपमा विकसित हुन समृद्ध अर्थतन्त्रको विकास आवश्यक छ ।यसका निम्ति संविधानको प्रभावकारी कार्यान्वयन गर्ने, संसदलाई राजनीतिक समस्या लगायत मुलकका मुलभूत समस्याहरू समाधान गर्ने मुख्य थलोको रूपमा विकास गर्नु पर्दछ । संविधानभित्रैबाट समस्याको निदान गर्ने र विधिको शासनको प्रक्रियाद्वारा सुशासन कायम गर्न संसद र संसदीय समितिको प्रभावकारी भूमिकाद्वारा कानूनको तहगत संरचना अनुरूप उचित र परिपक्क कानून निर्माण गर्न सहयोग सिद्ध हुन्छ । संसदीय

निगरानीको कार्यद्वारा सरकारलाई जिम्मेवार बनाउन क्रियाशील भएमा संवैधानिक लोकतन्त्र र संघीयताको संस्थागत विकास र प्रर्वद्धनमा संसद र संसदीय समितिबाट महत्वपुर्ण योगदान पुग्न सक्दछ ।

**सन्दर्भ सामग्री :**


१) नेपालको संविधान, २०७२

२) कार्यपत्र "कानूनको तहगत संरचना" धनराज ज्ञवाली, सहसचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाडौं ।

३) कार्यपत्र "संवैधानिक लोकतान्त्रिक प्रणालीमा संसद र संसदीय समितिको भूमिका" काशिराज दाहाल, पूर्व अध्यक्ष, प्रशासकीय अदालत, काठमाडौं ।

४) सार्वजनिक सडक ऐन, २०३०

५) भवन ऐन, २०५५

६) नेपाल इन्जिनियरिङ परिषद ऐन, २०६३

७) नेपाल खानेपानी संस्थान ऐन, २०४६

८) व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४

९) संयुक्त सदनको कार्यसञ्चालन नियमावली, २०७५

१०) प्रतिनिधि सभा नियमावली, २०७५

११) प्रदेश सभा नियमावली, २०७४, कर्णाली प्रदेश

१२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४